# कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालय

२. निर्णय गर्ने अधिकारीः मा. कृषि तथा पशुपन्छी विकास मन्त्री

३. निर्णय मितिः २०८२/१०/१९

कृषि तथा पशुपन्छी सम्बन्धी मानकहरुका अनुमान तय गर्न यस मन्त्रालयको अगुवाईमा प्रदेशस्थित कृषि विषय क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तहसँगको सहकार्यमा छनोटमा आधारित मान्यता प्राप्त तथ्याङ्कीय विधिको अवलम्बन गरी वर्तमान कृषि तथ्याङ्क प्रणालीमा सुधारका लागि राष्ट्रिय अभियानको रुपमा आ.व.२०८१/८२ देखि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सुरु गरेको नमूना छनोट (Sampling) विधिमा आधारित वार्षिक कृषि सर्वेक्षण कार्यक्रम साथै कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रमलाई प्रभावकारी, पारदर्शी र व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कृषि तथ्याङ्क"** भन्नाले कृषक, बाली, पशुपन्छी तथा मत्स्य विषयका क्षेत्रफल, उत्पादन, उत्पादकत्व, बीउ विजन, कृषि श्रमिक, यान्त्रिकरण, मलखादको प्रयोग एवम् कृषि उपजको मुल्य लगायत आर्थिक, सामाजिक, भौगोलिक तथा वातावरणीय सूचना सम्झनु पर्छ र सोको विश्लेषण गरी तयार गरिएका सूचक समेतलाई जनाउनेछ।

(ख) **"गणक"** भन्नाले यस कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम तथ्याङ्क संकलन गर्न तोकिएका कर्मचारीलाई सम्झनु पर्छ।

(ग) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेशस्थित कृषि विषय क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) **"फोकल व्यक्ति"** भन्नाले दफा ५ को उपदफा (६) बमोजिमको कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(च) **"सर्वेक्षण"** भन्नाले नमूना छनोट विधि मार्फत गरिने तथ्याङ्क सङ्कलन, अनुमान र विश्लेषण गर्ने प्रक्रिया सम्झनु पर्छ।

सचिव

(छ) "सुपरिवेक्षक" भन्नाले यस कार्यविधिमा दफा ५ को उपदफा (५) बमोजिम तोकिएका कर्मचारीलाई जनाउँदछ।

(ज) "SuSo System" भन्नाले मन्त्रालयले कृषि सर्वेक्षणको तथ्याङ्क सङ्कलन, प्रविष्टि तथा संप्रेषणका लागि तयार गरेको सफ्टवेरलाई सम्झनु पर्छ।

३. **उद्देश्य:** (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) कृषि तथ्याङ्क सङ्कलन, प्रशोधन, भण्डारण, प्रकाशन तथा वितरण कार्यलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष तुल्याउनका तथा संघीय, प्रादेशिक तथा स्थानीय स्तरका कृषि विकासका नीति तथा योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन, अध्ययन, अनुसन्धान लगायतका कार्यहरुमा आवश्यक सूचकहरु (Indicators) सहज रुपमा उपलब्ध गराउनका लागि सञ्चालन भईरहेको वार्षिक कृषि सर्वेक्षण कार्य र सो कार्यका लागि सङ्घीय सशर्त वित्तीय हस्तान्तरण भएको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

(ख) कृषि तथा पशुपन्छी तथ्याङ्कको आवश्यकता र उपलब्धता बीचको अन्तर (Data Gap) कम गरी दायरा विस्तार गर्ने।

(ग) तथ्याङ्क उत्पादनमा वैज्ञानिक विधि स्थापित गरी तथ्याङ्कको गुणस्तर अभिबृद्धि गर्ने र सोको आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको कृषि तथा पशुपन्छी क्षेत्रका मानकहरुको गुणस्तर अभिबृद्धि गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी रुपमा समन्वय, सहयोग र सहकार्य स्थापित गर्न सहयोग गर्ने।

(घ) संघीय तथा प्रदेशका कृषि तथ्याङ्कका अनुमानमा देखिएको फरकपन तथा सोबाट सिर्जित द्विविधाहरुको निरुपण गरी वार्षिक कृषि सर्वेक्षण कार्यक्रम सञ्चालन मार्फत तथ्याङ्क सङ्कलनमा एकरुपता र प्रभावकारिता कायम गर्ने।

(ङ) प्रादेशिक तथा स्थानीय तहलाई तथ्याङ्क सङ्कलन कार्यमा आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने र सबै स्थानीय तहबाट सङ्कलन हुने तथ्याङ्कमा एकरुपता एवम् प्रभावकारिता अभिबृद्धि गर्ने।

## परिच्छेद -२

## कृषि सर्वेक्षण कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

४. **गणना विधि:** (१) कृषि सर्वेक्षणको लागि पहिलो चरणमा दैवी छनौट (Random Sampling) विधिबाट गणना क्षेत्र छनोट गरिनेछ।

(२) उपदफा (१) बमोजिम छनोटमा परेका गणना क्षेत्रमा रहेका परिवारको लगत सङ्कलन गरी कृषक परिवार मध्येबाट सोही विधि अपनाई दोस्रो चरणको सर्वेक्षणका लागि कृषक परिवार छनोट गरिनेछ।

सचिव

(३) उपदफा (२) बमोजिम दोस्रो चरणका लागि छनोटमा परेका कृषकसँग प्रत्यक्ष अन्तर्वार्ता विधि मार्फत कृषि तथ्याङ्क सङ्कलन गरिनेछ र सोको आधारमा कृषि तथा पशुपन्छी सम्बन्धी प्रमुख सूचकहरु अनुमान गरिनेछ।

५. **गणक, सुपरिवेक्षक र फोकल व्यक्ति सम्बन्धी व्यवस्था:** (१) कृषि सर्वेक्षण सम्वन्धी तथ्याङ्क सङ्कलन कार्यका लागि नमूना छनोटमा परेका सबै स्थानीय तहमा स्थानीय तहले आवश्यक संख्यामा गणक तोकी परिचालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको गणक तोक्दा तथ्याङ्क सङ्कलन सम्बन्धी आवश्यक ज्ञान तथा सीप समेतलाई मध्यजनर गरी कृषि वा भेटेरिनरी प्राविधिक कर्मचारीलाई प्राथमिकतामा दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमका कर्मचारी उपलव्ध हुन कठिन देखिएमा अन्य सेवाका कर्मचारीलाई समेत गणकका रुपमा खटाउन सकिनेछ।

(४) गणना कार्यका लागि सम्भव भएसम्म स्थानीय तहले स्थायी वा करार पदमा कार्यरत कर्मचारीलाई खटाउनुपर्नेछ र सो अनुसार आवश्यक कर्मचारी उपलव्ध हुन नसकेमा प्राविधिक क्षमताका आधारमा यस कार्यविधिको दफा १३ मा तोकिए बमोजिमको सुविधा उपलब्ध हुने गरी ज्यालादारीमा गणक खटाउन सकिनेछ।

(५) कृषि सर्वेक्षणका लागि प्रदेश मन्त्रालयले आफू मातहतको जिल्लास्थित कार्यालयमा कार्यरत एक जना अधिकृतस्तरको प्राविधिक कर्मचारीलाई सुपरिवेक्षकको रुपमा तोकी परिचालन गर्नुपर्नेछ। यसरी तोकिएको सुपरिवेक्षकले सम्बन्धित जिल्लाको स्थानीय तहहरुमा रहेका गणकहरुको कार्यबारे सुपरिवेक्षण गर्नुपर्नेछ।

(६) कृषि सर्वेक्षणका लागि प्रदेश मन्त्रालयले सोही मन्त्रालयमा कार्यरत एक जना अधिकृतस्तरको प्राविधिक कर्मचारीलाई फोकल व्यक्तिको रुपमा तोक्नुपर्नेछ। फोकल व्यक्तिले जिल्लाका सुपरिवेक्षक र स्थानीय तहमा खटिएका गणकहरुको सुपरिवेक्षण गर्ने र मन्त्रालयसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

६. **कृषि सर्वेक्षणको सुपरिवेक्षण:** (१) गणना कार्यको प्रत्यक्ष र पहिलो स्तरको सुपरिवेक्षण प्रदेश मन्त्रालयले तोकेको सुपरिवेक्षकबाट हुनेछ।

(२) दोस्रो तहको सुपरिवेक्षण प्रदेश मन्त्रालय वा निर्देशनालयबाट हुनेछ भने अन्तिम तहको सुपरिवेक्षण मन्त्रालयले गर्नेछ।

(३) सुपरिवेक्षकले गणकहरुबाट SuSo सिस्टमबाट संकलित हरेक प्रश्नावलीको तथ्याङ्क जाँच गरी विवरण सही भएमा स्वीकृत गरी मन्त्रालयमा प्रेषण गर्नुपर्नेछ र यसरी प्राप्त तथ्याङ्कमा त्रुटि फेला परेमा मन्त्रालयले सच्याउनका लागि सुपरिवेक्षक वा गणकलाई फिर्ता पठाउनु पर्नेछ।

७. **तथ्याङ्क सङ्कलन तथा प्रविष्टि:** (१) मन्त्रालयले दफा ४ को उपदफा (१) बमोजिम छनोटमा परेका गणना क्षेत्रमा अनुसूची- १ र अनुसूची-२ बमोजिमको प्रथम र दोस्रो चरणको प्रश्नावली खण्डमा समावेश भएका तथ्याङ्कका विवरणलाई थप विस्तृतिकरण गरी कृषि तथ्याङ्क सङ्कलन सम्बन्धी प्रश्नावली तयार गर्नुपर्नेछ। यसरी तयार गरिएको प्रश्नावली अनुसार गणकहरुले कृषि तथ्याङ्क सम्बन्धी विवरण Survey Solution (SuSO) System को प्रयोग गरी सङ्कलन, प्रविष्टि तथा संप्रेषणको कार्य गर्नुपर्नेछ।

सचिव

(२) गणक र सुपरिवेक्षकले मन्त्रालयले तयार गरेको सफ्टवेयर (SuSo System) लाई एन्ड्रोईड सिस्टमको ट्याब्लेट वा अन्य डिभाईसमा ईन्स्टल गरी तथ्याङ्क संकलन र प्रेषणको कार्य गर्नुपर्नेछ। SuSo System सञ्चालन तथा प्रश्नावली अनुसार तथ्याङ्क सङ्कलन कार्यलाई सहज र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक कार्य सञ्चालन म्यानुअल (Standard Operating Procedures, SoP) तयार गरी प्राविधिक सहयोग तथा तालिमको व्यवस्था गर्नेछ।

८. <u>कृषि तथ्याङ्क व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका तथा जिम्मेवारी:</u> (१) राष्ट्रिय वार्षिक कृषि सर्वेक्षण कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ:-

(क) <u>मन्त्रालय:</u> मन्त्रालयको जिम्मेवारी निम्न बमोजिमका हुनेछ: -

१. कृषि तथ्याङ्क सम्वन्धी अन्तराष्ट्रिय सिद्धान्तको परिपालन गर्दै राष्ट्रिय कृषि तथ्याङ्क नीति तथा मापदण्डको विकासका लागि सहयोग तथा सहकार्य गर्ने,

२. राष्ट्रिय तथ्याङ्कसँग क्रियाशिल संघीय निकायहरु, प्रादेशिक निकायहरु र स्थानीय तहहरुसँग सहकार्य र समन्वय गर्ने,

३. कृषि तथ्याङ्क उत्पादन गर्न राष्ट्रिय वार्षिक कृषि सर्वेक्षण वा आवश्यकता अनुसार अन्य सर्वेक्षण संचालनको नेतृत्व गर्ने,

४. कृषि तथ्याङ्क अद्यावधिक गरी तथ्याङ्क व्यवस्थापन प्रणालीको सबलीकरण गर्न आवश्यक नेतृत्व लिने,

५. कृषि तथ्याङ्क संकलन तथा व्यवस्थापनमा प्राविधिक पृष्ठपोषण, गुणस्तर अभिबृद्धि र प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने,

६. कृषि तथ्याङ्क सम्वन्धी Web- based Agriculture Management Information System (AMIS) Software व्यवस्थापन गर्ने,

७. राष्ट्रिय कृषि तथ्याङ्कको अन्तिम प्रमाणीकरण, अभिलेखीकरण, प्रकाशन तथा वितरण कार्यमा समन्वय गर्ने।

(ख) प्रदेश मन्त्रालय: प्रदेश मन्त्रालयको जिम्मेवारी निम्न बमोजिम हुनेछ: -

१. कृषि सर्वेक्षणका लागि फोकल व्यक्ति तोक्ने,

२. जिल्लास्थित कार्यालयमा सुपरिवेक्षक तोक्ने,

३. मन्त्रालयसँग समन्वय गरी प्रदेश स्तरका कृषि तथ्याङ्कको व्यवस्थापन, अभिलेखीकरण, प्रकाशन तथा आदान प्रदान गर्ने,

४. कृषि सर्वेक्षण तथा कृषि तथ्याङ्क सम्बन्धी अन्य कार्यक्रमहरुका लागि प्रदेश फोकल निकायको रुपमा सहयोग र समन्वय गर्ने,

५. राष्ट्रिय वार्षिक कृषि सर्वेक्षण सम्बन्धमा प्राविधिक पृष्ठपोषण गर्ने,

६. कृषि तथ्याङ्क सम्बन्धी कार्यक्रम सञ्चालनमा स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्ने,

७. कृषि तथ्याङ्क अद्यावधिक गरी तथ्याङ्क व्यवस्थापन प्रणालीको सबलीकरण गर्न आवश्यक समन्वय तथा सहकार्य गर्ने



सचिव

८. जिल्ला तथा प्रदेशस्तरको तथ्याङ्क सङ्कलन कार्यको अनुगमन र मूल्याङ्कन गर्ने,
९. AMIS सफ्टवेयर सम्बन्धी तालिम संचालन गर्ने,
१०. स्थानीय तहबाट AMIS सफ्टवेयरमा प्रविष्ट भएका र प्रदेशस्तरका कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याङ्कहरुको प्रमाणीकरण गर्ने।

(ग) स्थानीय तह: स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम रहनेछ: -

१. कृषि सर्वेक्षण सम्बन्धी तथ्याङ्क सङ्कलन कार्यका लागि आवश्यक संख्यामा गणक कर्मचारी तोकी परिचालन गर्ने,
२. सम्बन्धित स्थानीय तहको कृषि तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण तथा सम्प्रेषण कार्यको लागि सम्बन्धित प्रदेश तथा संघीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
३. राष्ट्रिय वार्षिक कृषि सर्वेक्षणका लागि तथ्याङ्क सङ्कलन र अनुगमन गर्ने,
४. स्थानीय कृषि तथ्याङ्क अद्यावधिक गरी तथ्याङ्क व्यवस्थापन प्रणालीको सबलीकरण गर्न आवश्यक सहयोग गर्ने,
५. कृषि तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण गरी नियमित अनुगमन, पृष्ठपोषण एवम् प्रतिवेदन गर्ने,
६. स्थानीय तहमा कृषि तथ्याङ्कको व्यवस्थापन, प्रमाणीकरण, अभिलेखिकरण तथा प्रकाशन गर्ने।

(घ) प्रदेश मन्त्रालय अन्तर्गतका जिल्लास्थित कार्यालय: प्रदेश मन्त्रालय अन्तर्गतका जिल्लास्थित कार्यालयको जिम्मेवारी निम्न बमोजिम हुनेछ: -

१. प्रदेश मन्त्रालय र स्थानीय तहसँगको समन्वयमा जिल्ला स्तरीय तथ्याङ्क उत्पादन, अभिलेखीकरण तथा प्रकाशन गर्ने,
२. राष्ट्रिय वार्षिक कृषि सर्वेक्षण कार्यका लागि जिल्लास्थित फोकल निकायको रुपमा रही स्थानीय तहबाट हुने तथ्याङ्क सङ्कलन कार्यमा खटिने गणकको अनुगमन तथा सुपरिवेक्षण गर्ने,
३. जिल्ला स्तरको कृषि तथा पशुपन्छी तथ्याङ्कको गुणस्तर अभिबृद्धि गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा बैठक संचालन गर्ने,
४. स्थानीय तहबाट AMIS मा प्रविष्ट भएका एवम् जिल्लास्तरका तहका कृषि तथा पशुपन्छी तथ्याङ्कहरुको प्रमाणीकरण गर्ने,
५. प्रदेश मन्त्रालयसँग नियमित रुपमा कृषि तथा पशुपन्छी तथ्याङ्क आदान प्रदान गर्ने।

(ङ) स्थानीय तहको कृषि विकास तथा पशु सेवा विषय क्षेत्र हेर्ने शाखा: स्थानीय तह अन्तर्गतका कृषि विकास तथा पशुसेवा शाखाको जिम्मेवारी निम्न बमोजिम हुनेछ: -

१. राष्ट्रिय वार्षिक कृषि सर्वेक्षण अन्तर्गतका तथ्याङ्क सङ्कलन कार्यमा उपयुक्त गणक छनोट गरी खटाउने,



सचिव

२. गणकको काममा सहजीकरण गर्ने, नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने,

३. स्थानीय तहमा कृषि तथ्याङ्क सङ्कलन, सहजीकरणका लागि कृषि तथ्याङ्क समन्वय समितिको बैठक आयोजना गर्ने,

४. सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याङ्क AMIS प्रणालीमा प्रविष्ट गर्ने।

९. <u>कृषि तथ्याङ्क समितिको संरचना र भूमिका:</u> राष्ट्रिय वार्षिक कृषि सर्वेक्षण कार्यक्रम सञ्चालनका लागि राष्ट्रियस्तरमा राष्ट्रिय कृषि सर्वेक्षण प्राविधिक समिति, प्रदेशस्तरमा प्रदेशस्तरीय कृषि तथ्याङ्क समन्वय समिति, जिल्लास्तरमा जिल्लास्तरीय कृषि तथ्याङ्क समन्वय समिति र स्थानीयस्तरमा स्थानीय तहस्तरीय कृषि तथ्याङ्क समन्वय समिति रहनेछन्:-

(क) <u>राष्ट्रिय कृषि सर्वेक्षण प्राविधिक समिति:</u> (अ) कृषि तथ्याङ्क सङ्कलनको तयारी देखि नतिजा विश्लेषण तथा प्रकाशन सम्मका कार्यलाई व्यवस्थित र प्रभावकारी रुपले संचालन गरी प्राविधिक परामर्श दिन देहाय बमोजिमको एक राष्ट्रिय कृषि सर्वेक्षण प्राविधिक समिति रहनेछ: -

| | | |
|---|---|---|
| सहसचिव | तथ्याङ्क हेर्ने महाशाखा, मन्त्रालय | संयोजक |
| प्रमुख | तथ्याङ्क हेर्ने शाखा, कृषि विभाग | सदस्य |
| प्रमुख | तथ्याङ्क हेर्ने शाखा, पशुसेवा विभाग | सदस्य |
| प्रमुख | कृषि तथ्याङ्क हेर्ने शाखा, राष्ट्रिय तथ्याङ्क कार्यालय | सदस्य |
| वैज्ञानिक | नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| प्रमुख | कृषि भौगोलिक सूचना प्रविधि शाखा, मन्त्रालय | सदस्य |
| प्रमुख | तथ्याङ्क तथा विश्लेषण शाखा, मन्त्रालय | सदस्य सचिव |

(आ) प्राविधिक समितिको मार्गनिर्देशन बमोजिम तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली निर्माण, तालिम संचालन तथा नतिजा प्रकाशनका कार्यहरु गरिनेछ।

(इ) यस समितिमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा काम गरेका तीन जनासम्म विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**(ख)** <u>प्रदेशस्तरीय कृषि तथ्याङ्क समन्वय समिति:</u> (अ) प्रदेश मन्त्रालय र अन्तर्गतका जिल्ला तहबीच समन्वय गर्न एवम् कृषि तथ्याङ्क सङ्कलन कार्यमा सहजीकरण गर्न प्रदेश मन्त्रालयका प्रदेश सचिवको संयोजकत्वमा बढीमा सात (७) सदस्यीय एक कृषि तथ्याङ्क समन्वय समिति रहनेछ। सो समितिको सदस्य सचिवको रुपमा फोकल व्यक्तिले काम गर्नेछ।

(आ) उपदफा (अ) बमोजिमको समितिमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा काम गरेका दुई जना सम्म विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।



सचिव

(ग) <u>जिल्लास्तरीय कृषि तथ्याङ्क समन्वय समिति</u>: (अ) कृषि तथ्याङ्क सङ्कलनमा प्रदेश मन्त्रालय र स्थानीय तहबीच तथ्याङ्क सङ्कलन कार्यमा सहजीकरण गर्न कृषि विषय क्षेत्र हेर्ने जिल्लास्थित प्रादेशिक कार्यालयका प्रमुखको संयोजकत्वमा बढीमा पाँच (५) सदस्यीय जिल्ला स्तरीय कृषि तथ्याङ्क समन्वय समिति रहनेछ। सो समितिको सदस्य सचिवको रुपमा सुपरिवेक्षकले काम गर्नेछ।

(आ) यस समितिमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा काम गरेका बढीमा दुई जनालाई विषय विज्ञका रुपमा आमन्त्रण गर्न सकिनेछ।

(घ) <u>स्थानीय तहस्तरीय कृषि तथ्याङ्क समन्वय समिति</u>: (अ) स्थानीय स्तरमा तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा र पशुसेवा शाखा प्रमुख सदस्य रहने गरी स्थानीय कृषि तथ्याङ्क समन्वय समिति रहनेछ।

(आ) यस समितिमा आवश्यकता अनुसार बढीमा दुई जनालाई सदस्यका रुपमा आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद- ३
## आर्थिक व्यवस्थापन

१०. <u>बजेट व्यवस्थापन तथा खर्च सम्बन्धी व्यवस्था</u>: मन्त्रालयबाट स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरीने कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गर्ने कार्यक्रमका लागि सशर्त वित्तीय हस्तान्तरण मार्फत प्राप्त बजेट देहाय अनुसार खर्च गर्न सकिनेछः-

(क) कृषि तथ्याङ्क सङ्कलन कार्यका लागि गणकका रुपमा खटिने स्थानीय तहका कर्मचारीहरुको हकमा भ्रमण खर्च नियमावली, २०६४ मा तोकिए बमोजिमको दैनिक तथा भ्रमण खर्च रकम वा दैनिक तथा भ्रमण खर्च उपलब्ध गराउन नमिल्ने अवस्थामा दफा ११ मा तोकिए बमोजिमको रकम ।

(ख) कृषि तथ्याङ्क सङ्कलन कार्यका लागि दफा ५ को उपदफा (४) बमोजिम ज्यालादारीमा खटिने गणकका हकमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम रा.प.अनं.द्धित्तीय श्रेणी अनुसारको दैनिक तथा भ्रमण खर्च रकम वा सो सरहको सेवा सुविधा वा दैनिक तथा भ्रमण खर्च उपलब्ध गराउन नमिल्ने अवस्थामा दफा ११ मा तोकिए बमोजिमको रकम।

११. <u>कृषि तथ्याङ्क सङ्कलनका लागि उपलब्ध गराईने रकम</u>: (१) वार्षिक कृषि सर्वेक्षण कार्यक्रम अन्तर्गत स्थलगत तथ्याङ्क सङ्कलनका लागी खटिने कर्मचारीहरुका लागि दैनिक तथा भ्रमण खर्च उपलब्ध गराउन नमिल्ने अवस्थामा स्थानीय तहले देहाय बमोजिमको रकम उपलब्ध गराउन सक्नेछः-

(क) महानगरपालिका, उपमहानगरपालिका र तराईका सबै स्थानीय तहमा प्रथम चरणको सूचीकरण ( Listing) सम्बन्धी तथ्याङ्क सङ्कलनको कार्य गर्दा प्रति परिवार रु.२० (बीस) का दरले हुन आउने रकम,



सचिव

(ख) हिमाली र पहाडी जिल्लाका नगरपालिका र गाउँपालिकाको हकमा सूचीकरण ( Listing) सम्बन्धि तथ्याङ्क सङ्कलन गर्दा प्रति परिवार रु. २५ (पच्चिस) का दरले हुन आउने रकम,

(ग) महानगरपालिका, उपमहानगरपालिका र तराईका स्थानीय तहमा मुख्य प्रश्नावलीको तथ्याङ्क सङ्कलन कार्यमा खटिने गणक कर्मचारीलाई प्रति कृषक परिवार रु.२०० (दुई सय) का दरले हुन आउने रकम,

(घ) हिमाली र पहाडी जिल्लाका नगरपालिका र गाउँपालिकाको हकमा मुख्य प्रश्नावलीको तथ्याङ्क सङ्कलन कार्यमा खटिने गणक कर्मचारीलाई प्रति कृषक परिवार रु.२५० (दुई सय पचास) का दरले हुन आउने रकम,

(ङ) खण्ड (क), (ख), (ग) र (घ)मा उल्लिखित रकम भुक्तानी गर्दा सुपरिवेक्षक वा मन्त्रालयले प्रमाणित गरेको संख्याको आधारमा मात्र गर्नु पर्नेछ।

(च) गणकले सङ्कलन गरेको तथ्याङ्क विवरण पठाउँदा तोकिएको क्षेत्र भन्दा अन्यत्र तथ्याङ्क सङ्कलन भएको/विवरणमा अपूर्णता वा त्रुटि देखिएमा सुपरिवेक्षक वा मन्त्रालयले सो संख्या घटाएर यथार्थ परिवार संख्या/कृषक परिवार संख्या एकिन गरी भुक्तानी प्रायोजनको लागि सोको जानकारी सम्बन्धित स्थानीय तहमा दिनुपर्नेछ।

१२. <u>सुपरिवेक्षण प्रोत्साहन रकम:</u>

(२) उपदफा (१) बमोजिमको कार्य गरेबापत प्रदेश सरकारले प्रदेश सरकारको स्रोतबाट सुपरिवेक्षणका लागि सुपरिवेक्षकलाई प्रोत्साहन स्वरुप दैनिक तथा भ्रमण खर्च वा देहाय बमोजिमको रकम दिन सक्नेछन्:-

(क) सूचीकरण कार्य प्रमाणित वापत प्रति परिवार रु ५ (पाँच) र मूख्य प्रश्नावलीको तथ्याङ्क प्रमाणित गरे वापत प्रति कृषक परिवार रु २० (बीस) का दरले हुन आउने रकम।

(ख) स्थानीय तहमा गणकको रुपमा काम गर्ने कर्मचारी एवम् सरोकारवालासँग बैठक गर्दा प्रदेश सरकारको नियमानुसार पाउने खाजा तथा बैठक भत्ता।

१३. <u>बजेट व्यवस्थापन:</u> (१) वार्षिक कृषि सर्वेक्षण कार्यका लागि मन्त्रालयबाट शसर्त वित्तीय हस्तान्तरण मार्फत प्राप्त बजेट अपुग हुन गएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले आन्तरिक स्रोतबाट समेत परिचालन गर्न सक्नेछन्।

(२) दैनिक तथा भ्रमण खर्च र रकम परिचालन मन्त्रालयबाट प्राप्त सशर्त वित्तीय हस्तान्तरण र प्रदेश तथा स्थानीय तहबाट विनियोजित बजेटको सिमा भित्र रहि गर्नुपर्नेछ।

सचिव

## परिच्छेद ४
## विविध

१४. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधि बमोजिमका क्रियाकलाप यसै कार्यविधि बमोजिम सञ्चालन हुनेछन्। यस कार्यविधिमा उल्लेख नभएको विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. **तथ्याङ्कको गोपनीयता:** वार्षिक कृषि सर्वेक्षण अन्तर्गत सङ्घ ,प्रदेश तथा स्थानीय तहबाट सङ्कलन गरिने व्यक्तिगत तथा पारिवारिक विवरण तथ्याङ्क ऐन, २०७९ बमोजिम गोप्य रहने छ।

१६. **कार्यविधिको व्याख्या, संशोधन तथा बाधा अडकाउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कार्यविधि संशोधन गर्नु परेमा संशोधन तथा कुनै द्विविधा उत्पन्न भएमा वा बाधा अड्काउ आईपरेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन सक्नेछ।

१७. **खारेजी तथा बचाउ:** कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७७ (पहिलो संशोधन)२०८० खारेज गरिएको छ। यस कार्यविधिको प्रारम्भ हुनु अघि "कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७७ (पहिलो संशोधन)२०८०" बमोजिम भएका कार्य यसै कार्यविधि बमोजिम भए/गरेको मानिनेछ।

सचिव

अनुसूची-१

दफा ७ सँग सम्बन्धित

**कृषि सर्वेक्षणको प्रथम चरणको तथ्याङ्क संकलनका लागि प्रारम्भिक सूचीकरण प्रश्नावलीको खण्ड** **

खण्ड १: स्थान पहिचान र उत्तरदाताको सहमती

खण्ड २: पारिवारिक कृषि कृयाकलाप

खण्ड ३: कृषक पहिचान समाप्त

*** उल्लिखित अनुसूचीमा समावेश भएको खण्डको कृषि तथ्याङ्क सम्बन्धी विवरणलाई थप विस्तृतिकरण गरी आवश्यक प्रश्नावली SuSo system मा अद्यावधिक गरिएको छ।*

सचिव

अनुसूची-२

दफा ७ सँग सम्बन्धित

**कृषि सर्वेक्षणको दोस्रो चरणको तथ्याङ्क संकलनका लागि मूख्य प्रश्नावली खण्ड ##**

खण्ड १: उत्तरदाताको पहिचान र सहमति

खण्ड २: कृषि चलनको विवरण

खण्ड ३: पारिवारिक विवरण

खण्ड ४: कित्ताको सूची र विवरण

खण्ड ५: सन्दर्भ अवधिको बाली उत्पादन

खण्ड ६ बिउ र उत्पादन सामग्री

खण्ड ७: सन्दर्भ अवधिको पशु र पशु उत्पादन

खण्ड ८: सन्दर्भ अवधिको पन्छी उत्पादन

खण्ड ९: अन्य पशुपन्छी उत्पादन र गैर आवासिय भवन

खण्ड १०: सन्दर्भ अवधिको मत्स्य पालन

खण्ड ११: कृषि मेसिनरी तथा उपकरण

भाग १२: सन्दर्भ अवधिको कृषि श्रम

खण्ड १३: सन्दर्भ अवधिको कृषि सेवामा पहुँच

*## उल्लिखित अनुसूचीमा समावेश भएको खण्डको कृषि तथ्याङ्क सम्बन्धी विवरणलाई थप विस्तृतिकरण गरी आवश्यक प्रश्नावली SuSo system मा अद्यावधिक गरिएको छ।*

सचिव